आकाशवाणी समाचार

31.03.2026 (Tuesday)

मुख्य समाचार :-

1.नालन्दाको पुनरुत्थान,विश्वका लागि बौद्धिक र सांस्कृतिक पुनर्जागरणको सुरुवातको प्रतीक भएको राष्ट्रपतिको भनाई...

2.प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको सानन्दमा केन्स सेमिकण्डक्टर (Kaynes Semiconductor) को ओसाट (OSAT) प्लान्टको गर्नुभयो उद्घाटन....

3.राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले महावीर जयन्तीको अवसरमा देशवासीहरूलाई दिनुभयो शुभकामना..

4.बिहारको मघडा शीतलाष्टमी मन्दिरमा धार्मिक अनुष्ठानका क्रममा मच्चिएको भागदौडमा परी आठ महिला श्रद्धालुको मृत्यु.. अनि...

5.रक्षा मन्त्रालयले 'माउन्टेन राडार' खरिद गर्न भारत इलेक्ट्रोनिक्स लिमिटेड (BEL) सँग १ हजार ९ सय ५० करोड रुपैयाँको सम्झौतामा गर्‍यो हस्ताक्षर..

1. राष्ट्रपति - बिहार भ्रमण

राष्ट्रपति द्रौपदी मुर्मुले नालन्दाको पुनरुत्थान, केवल बिहार वा भारतको मात्र उपलब्धि नभएर यो सम्पूर्ण विश्वका लागि बौद्धिक र सांस्कृतिक पुनर्जागरणको सुरुवातको प्रतीक भएको बताउनुभएको छ । राष्ट्रपतिले नालन्दा विश्वविद्यालयको दोस्रो दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उक्त कुरा बताउनुभएको हो ।

राष्ट्रपतिले पूर्वी एसिया शिखर सम्मेलनका सदस्य राष्ट्रहरूको सहयोगमा नालन्दा विश्वविद्यालयलाई अन्तर्राष्ट्रिय उत्कृष्टता केन्द्रको रूपमा विकसित गरिएको जानकारी दिनुभयो, जसले वैश्विक समुदायको साझा मूल्य र मान्यतालाई दर्शाउँछ। राष्ट्रपति मुर्मुले नालन्दा विश्वविद्यालयले सन् २०४७ सम्ममा 'विकसित भारत' को लक्ष्य प्राप्त गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास पनि व्यक्त गर्नुभयो ।

समारोहमा राष्ट्रपतिले ३१ देशका विद्यार्थीहरूलाई उपाधि वितरण गर्नुभयो । उहाँले विश्वविद्यालय परिसरमा दक्षिण-पूर्व एसियाली अध्ययन केन्द्रको औपचारिक उद्घाटन गर्नुका साथै दुई हजार क्षमताको **'विश्वामित्रालय'** सभागारको पनि उद्घाटन गर्नुभयो ।

## 2.प्रधानमन्त्रीको गुजरात भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदीले आज गुजरातको सानन्दमा **केन्स सेमिकण्डक्टर** (Kaynes Semiconductor) को ओसाट (OSAT) प्लान्टको उद्घाटन गर्नुभएको छ । गुजरातको एक दिवसीय भ्रमणका क्रममा यस प्लान्टको उद्घाटन गर्दै उहाँले यहाँ हुने उत्पादन सेमिकण्डक्टरको क्षेत्रमा एक महत्त्वपूर्ण उपलब्धि भएको बताउनुभयो । प्रधानमन्त्रीले सानन्दको यस प्लान्टमा निर्मित चिप्सहरू अब अमेरिका पुग्ने जानकारी दिनुभयो । उहाँले अझ थप्नुभयो कि भारत अहिले सेमिकण्डक्टरको क्षेत्रमा एक अग्रणी साझेदारको रूपमा उदीयमान भइरहेको छ ।

श्री मोदीले भारतको सेमिकण्डक्टरको आवश्यकता मुलुकभित्रैबाट पूरा होस् भन्ने उद्देश्यले एउटा सुदृढ प्रणाली बनाउने प्रयास भइरहेको बताउनुभयो । यस प्लान्टको उद्घाटनसँगै भारतको सेमिकण्डक्टर अभियानले नयाँ गति प्राप्त गरेको उल्लेख गर्दै प्रधानमन्त्रीले केन्सको उत्पादनको ठुलो हिस्सा पहिले नै बुकिङ भइसकेको जानकारी दिनुभयो । श्री मोदीले प्रविधिको यो दशकलाई **'भारतको दशक'** को रूपमा सम्बोधन गर्नुभयो ।

यसैक्रममा, प्रधानमन्त्री मोदीले नवनिर्मित **वाभ-थराद** (Vav-Tharad) जिल्लामा १९,८०० करोड रुपैयाँभन्दा बढी मूल्यका विभिन्न विकास आयोजनाहरूको उद्घाटन र शिलान्यास पनि गर्नुहुने कार्यक्रम रहेको छ । प्रधानमन्त्रीद्वारा केन्स सेमिकन प्लान्ट र सम्राट सम्प्रति संग्रहालयको उद्घाटन

## 3.राष्ट्रपति - उपराष्ट्रपति - शुभकामना

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले आज महावीर जयन्तीको अवसरमा देशवासीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ । सामाजिक सञ्जालमा जारी एक सन्देशमा राष्ट्रपतिले भगवान महावीरले अहिंसा, सत्य र आत्मसंयमका सिद्धान्तहरूको उपदेश दिएर मानिसहरूलाई करुणापूर्ण जीवन जिउन प्रेरित गर्नुभएको बताउनुभयो ।

उपराष्ट्रपतिले भगवान महावीरका शाश्वत शिक्षाहरूले सबैलाई आत्म-अनुशासन, करुणा र सद्भावपूर्ण जीवनतर्फ सधैँ मार्गदर्शन गरिरहने बताउनुभयो ।

त्यसैगरी प्रधानमन्त्री नरेन्द्र मोदीले महावीर जयन्तीको अवसरमा आफ्नो सन्देश मार्फत भगवान महावीरको जीवन र शिक्षाहरूले सत्य, अहिंसा र करुणाको मार्गलाई सधैं आलोकित गरिरहने बताउनुभएको छ ।

यसअघि, प्रधानमन्त्रीले गान्धीनगरको कोबा तीर्थमा सम्राट सम्प्रति संग्रहालयको पनि उद्घाटन गर्नुभएको थियो । भगवान महावीर जयन्तीको अवसरमा आयोजित यस कार्यक्रममा बोल्दै उहाँले

यो संग्रहालयले जैन धर्मको समृद्ध ऐतिहासिक र आध्यात्मिक विरासतलाई संरक्षण गर्ने बताउनुभयो ।

## 4.नालन्दा/नयाँ दिल्ली

बिहारको नालन्दा जिल्लास्थित बिहार शरीफको **मघडा शीतलाष्टमी मन्दिरमा** आज बिहान धार्मिक अनुष्ठानका क्रममा मच्चिएको भागदौडमा परी आठ महिला श्रद्धालुको मृत्यु भएको छ । प्रत्यक्षदर्शीका अनुसार एउटा हल्लाका कारण अचानक भीडमा अफरा-तफरी मच्चिँदा यो दुखद घटना घटेको हो । दुर्घटनामा कैयौँ अन्य व्यक्तिहरू घाइते भएका छन्, जसलाई स्थानीय अस्पतालहरूमा भर्ना गरिएको छ । यस हृदयविदारक घटनाप्रति राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति सी.पी. राधाकृष्णनले गहिरो दुःख व्यक्त गर्दै शोकाकुल परिवारजनप्रति समवेदना प्रकट गर्नुभएको छ । उहाँहरूले घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्नुभएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले पनि यस क्षतिप्रति गहिरो शोक व्यक्त गर्नुभएको छ । प्रधानमन्त्रीले प्रधानमन्त्री राष्ट्रिय राहत कोष (PMNRF) बाट प्रत्येक मृतकका परिवारलाई २ लाख रुपैयाँ र घाइतेहरूलाई ५० हजार रुपैयाँ का दरले अनुग्रह राशि उपलब्ध गराउने घोषणा गर्नुभएको छ ।

## 5.रक्षा मन्त्रालय र बीईएल (BEL) बीच सम्झौता

रक्षा मन्त्रालयले आज नयाँ दिल्लीमा भारतीय वायुसेनाका लागि दुईवटा **'माउन्टेन राडार'** खरिद गर्न भारत इलेक्ट्रोनिक्स लिमिटेड (BEL) सँग १ हजार ९ सय ५० करोड रुपैयाँको सम्झौतामा हस्ताक्षर गरेको छ ।

मन्त्रालयले दिएको जानकारी अनुसार, यो सम्झौता **'बाई इन्डियन-IDDM'** (स्वदेशी डिजाइन, विकसित र निर्मित) श्रेणी अन्तर्गत गरिएको हो । यसले सरकारको **'आत्मनिर्भर भारत'** र **'मेक इन इन्डिया'** अभियानलाई थप बल पुऱ्याउने विश्वास गरिएको छ ।

यी राडारहरू रक्षा अनुसन्धान र विकास संगठन (DRDO) अन्तर्गतको **'इलेक्ट्रोनिक्स एन्ड राडार डेभलपमेन्ट एस्ट्याब्लिसमेन्ट'** द्वारा डिजाइन र विकास गरिएका हुन् भने यसको उत्पादन **बी.ई.एल. (BEL)** ले गर्नेछ । मन्त्रालयका अनुसार, यो प्रणालीले देशको हवाई सुरक्षा क्षमतालाई बढावा दिने, राष्ट्रिय सुरक्षालाई सुदृढ तुल्याउने र विदेशी उपकरणहरूमाथिको निर्भरतालाई कम गर्नेछ ।

## 6.नासाको 'आर्टेमिस-२'

अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले एपोलो युगको ५३ वर्षपछि पहिलो पटक चन्द्रमातर्फ मानवसहितको 'आर्टेमिस-२' अभियानका लागि अन्तिम तयारी पूरा गरेको छ। ३२ तल्ले विशाल 'स्पेस लन्च सिस्टम' (SLS) रकेटमार्फत भोलि चार अन्तरिक्ष यात्रीहरू—रेड वाइजम्यान, भिक्टर

ग्लोभर, क्रिस्टिना कोच र क्यानेडियन जेरेमी ह्यान्सन—अन्तरिक्षतर्फ प्रस्थान गर्ने कार्यक्रम रहेको छ। करिब १० दिनको यस ऐतिहासिक यात्रामा ओरायन अन्तरिक्ष यानले चन्द्रमाको वरिपरि चक्कर लगाएर पृथ्वीमा फर्कनेछ, यद्यपि यस पटक चन्द्रमामा अवतरण भने गरिने छैन। सन् १९६८ देखि १९७२ सम्मका एपोलो मिसनहरूमा पुरुष मात्र सहभागी हुने गरेकोमा यस पटकको टोलीमा महिला, अश्वेत र गैर-अमेरिकी नागरिक समावेश गरी विविधता झल्काइएको छ। चीनसँगको बढ्दो प्रतिस्पर्धाबीच अन्तरिक्ष अन्वेषणमा अमेरिकी नेतृत्व कायम राख्न र चन्द्रमामा मानवको स्थायी उपस्थितिको आधार तय गर्न यो अभियानलाई अत्यन्त महत्त्वपूर्ण मानिएको छ। नासाका अनुसार अप्रिलको पहिलो साताभित्र उडान भर्ने लक्ष्य राखिएको छ, अन्यथा अप्रिलकै अन्त्यतिर अर्को अवसर पर्खनुपर्नेछ।

## 7.जापानद्वारा पहिलो पटक लामो दूरीको क्षेप्यास्त्र तैनाथ

जापानले आफ्नो सैन्य क्षमतामा व्यापक वृद्धि गर्दै देशका दुई सैन्य आधार शिविरहरूमा पहिलो पटक लामो दूरीका क्षेप्यास्त्रहरू तैनाथ गरेको छ। कुमामोटो र सिजुओका प्रान्तमा सञ्चालनमा ल्याइएका यी परिमार्जित 'टाइप-१२' जमिनबाट जहाजमा प्रहार गर्ने क्षेप्यास्त्रहरूको मारक क्षमता १,००० किलोमिटर रहेको छ, जसले मुख्य भूमि चीनसम्म प्रहार गर्न सक्ने क्षमता राख्दछ। रक्षामन्त्री सिन्जिरो कोइजुमीले युद्धपछिको सबैभन्दा जटिल सुरक्षा अवस्थालाई मध्यनजर गर्दै आत्मरक्षाका लागि यो कदम चालिएको बताउनुभएको छ। दशकौंदेखिको 'केवल आत्मरक्षा' गर्ने नीतिमा परिवर्तन गर्दै जापानले शत्रुको क्षेप्यास्त्र अखडामा टाढैबाट प्रहार गर्न सक्ने 'स्ट्यान्ड-अफ' क्षमता विकास गरेको यस घटनालाई रणनीतिक रूपमा महत्त्वपूर्ण मानिएको छ ।

## 8.संयुक्त अरब इमिरेट्स (यूएई) को दुबई

संयुक्त अरब इमिरेट्स (यूएई) को दुबई र शारजाह नजिकै भएका श्रृंखलाबद्ध ड्रोन तथा मिसाइल आक्रमणपछि देशभर सुरक्षा सतर्कता उच्च पारिएको छ । पश्चिम एसियामा जारी संघर्षको दोस्रो महिना पुग्दै गर्दा यूएईको हवाई रक्षा प्रणालीलाई पूर्ण क्षमतामा सक्रिय पारिएको छ ।

गए राति दुबई तटमा लंगर हालेर बसेको कुवेती तेल ट्याङ्कर 'अल सालमी' माथि ड्रोन प्रहार गरिएको थियो । उक्त आक्रमणमा चालक दलका २४ जना सदस्य सुरक्षित रहेको र तेल चुहावट नभएको अधिकारीहरूले जनाएका छन् । यसैगरी, शारजाहस्थित 'थुरैया टेलिकम्युनिकेसन' को प्रशासनिक भवनमा पनि ड्रोन आक्रमण भएको छ, तजहाजको स्वामित्व रहेको 'कुवेत पेट्रोलियम कर्पोरेसन' ले क्षति भएका कारण तेल चुहावट हुन सक्ने चेतावनी दिएको छ । यसै वर्षको सुरुमा संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि बढेको तनावका बीच यो घटना सार्वजनिक भएको हो । यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानले हर्मज

जलडमरू (Strait of Hormuz) अवरुद्ध गर्न जारी राखेमा वासिङ्टनले इरानका ऊर्जा प्लान्ट र तेलका कुवाहरू ध्वस्त पारिदिने कडा चेतावनी दिनुभएको थियो।

मुख्य समाचार फेरि एकपल्ट।

1.नालन्दाको पुनरुत्थान,विश्वका लागि बौद्धिक र सांस्कृतिक पुनर्जागरणको सुरुवातको प्रतीक भएको राष्ट्रपतिको भनाई...

2.प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको सानन्दमा केन्स सेमिकण्डक्टर (Kaynes Semiconductor) को ओसाट (OSAT) प्लान्टको गर्नुभयो उद्घाटन....

3.राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले महावीर जयन्तीको अवसरमा देशवासीहरूलाई दिनुभयो शुभकामना..

4.बिहारको मघडा शीतलाष्टमी मन्दिरमा धार्मिक अनुष्ठानका क्रममा मच्चिएको भागदौडमा परी आठ महिला श्रद्धालुको मृत्यु.. अनि...

5.रक्षा मन्त्रालयले'माउन्टेन राडार' खरिद गर्न भारत इलेक्ट्रोनिक्स लिमिटेड (BEL) सँग १ हजार ९ सय ५० करोड रुपैयाँको सम्झौतामा गर्यो हस्ताक्षर